# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५७) काठमाडौं, असार ३ गते २०६४ साल (अतिरिक्ताङ्क १२ (क+१

## भाग ५

### नेपाल सरकार
### अर्थ मन्त्रालयको
### सूचना १

नेपाल सरकारले आर्थिक ऐन, २०६३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी USAID का Executive Officer Mr. David Smale को कुटनैतिक सुविधा अन्तर्गत यातायात व्यवस्था कार्यालय, बागमती अञ्चलमा दर्ता भएको सवारी दर्ता नं. ६१ सि. डी. ३२ को Mitsubishi Pajero गाडीलाई Scrap गर्दा (Replace नगर्ने गरी) लाग्ने भन्सार महसुल लगायत सम्पूर्ण कर शुल्क छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

नेपाल सरकारले आर्थिक ऐन, २०६३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी राधास्वामी सत्संग व्यास नेपालको लागि भारतस्थित राधास्वामी सत्संग व्यासबाट उपहार स्वरुप प्रदान गरिने भारतीय रु १,०००।– (एक हजार) मूल्य बराबरको जुटको बिछाई सामाग्री आयात

गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पुरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ३

नेपाल सरकारले आर्थिक ऐन, २०६३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी नेपाल प्रहरीका लागि KOREA INTERNATIONAL CO-COPERATION AGENCY # 128 YUNKUN-DONG, CHONGRO-KU, SEOUL, KOREA बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर ८२,९०४.२५ (बयासी हजार नौसय चार, सेण्ट पचिस) मूल्य बराबरको १०० (एक सय) थान कम्प्यूटर आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ४

नेपाल सरकारले आर्थिक ऐन, २०६३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी नेपालको कर्णाली अञ्चल तथा मध्य र सुदूर पश्चिम क्षेत्रका खाद्य असुरक्षित एवं विकट जिल्लाहरुमा वितरण गर्नको लागि विश्व खाद्य कार्यक्रमबाट सहयोग स्वरुप प्रदान गरिने अमेरिकी डलर ७६,१२१.२४ (छयहत्तर हजार एक सय एक्काईस, सेण्ट चौबीस) मूल्य बराबरको २०८.४२० मेट्रिक टन चामल आयात गर्दा भन्सार महसुल, मूल्य अभिवृद्धि कर लगायत अन्य शुल्कहरु पुरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।